# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं


चलानी नं. ..................

मितिः २०८३/०५/२४

### स्नातकोत्तर तह तेस्रो सेमेस्टरको परीक्षा फाराम भर्न छुट भएकाहरुको लागि अनलाइन फाराम भर्ने समयावधि तोकिएको सम्बन्धी अत्यन्त जरुरी सूचना !

त्रि. वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित स्नातकोत्तर (MA) तह शैक्षिक वर्ष २०२४ का नियमित तथा सोभन्दा अघि (शैक्षिक वर्ष २०२१ **सम्म) का आंशिक परीक्षार्थीहरूको तेस्रो सेमेस्टरको** २०८३ साल भदौ १५ गतेबाटै संचालन हुने सत्रान्त परीक्षामा यस पूर्व प्रकाशित म्यादभित्र अनलाइन परीक्षा फाराम भर्न छुट भएका छात्र/छात्राहरूले २०८३।०५।०७ र ०८ गते (२ दिन मात्र) दोब्बर दस्तुरमा अनलाइन माध्यमबाट परीक्षा फाराम भर्न म्याद कायम गरिएकोमा बाढी पहिरोका कारण अकल्पनिय रुपमा जन धनको क्षेति हुन गई उक्त मितिको सत्रान्त परीक्षा मिति २०८३ असोज १ देखि सञ्चालन गर्न परीक्षा कार्यतालिका प्रकाशित समेत भै सकेकोमा उक्त परीक्षामा अन्तिम पटकमात्र सम्मिलित हुन पाउने २०२१ समूहका केही छात्र/छात्राहरू अनलाइन फाराम भर्न छुट भएको भनी नियमानुसार अन्तिम पटक सम्मिलित हुन पाउने अवसरबाट बञ्चित नगराई फाराम भर्न पाउन भनी पटक पटक सम्पर्क राख्न आई रहेको सन्दर्भमा मानविकी तथा सामाजिक शास्त्र सङ्काय परीक्षा सञ्चालक समितिको मिति २०८३ भदौ २४ गते बसेको बैठकबाट अन्तिम पटक मिति २०८३ भदौं २५ गतेदेखि ऐ २७ गतेसम्म तीन दिन दोव्वर दस्तुरमा अनलाइन परीक्षा फाराम भर्न पोर्टल खुल्ला गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्य विस्तृत व्यहोरा भने पूर्व प्रकाशित सूचना वमोजिम नै कायम रहने व्यहोरा समेत सूचित गरिन्छ।

...............................
डा. चिरञ्जीवी आचार्य
सहायक डीन


कीर्तिपुर, काठमाडौं, नेपाल। टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np


CamScanner